आवागमन छैन र यसका लागि त म जुवा पनि खेल्न सक्छु।'' (आवागमन पृष्ठ:१०४)

<u>ङ</u> : यदि वास्तवमा आवागमन पाइन्छ भने मानव संख्या प्राचीन कालदेखि कम हुनुपर्‍यो। किनभने आजको आधुनिक युगमा जतातत्तै अत्याचार,भ्रष्टाचार,बलात्कार,अन्याय, अपराध,हत्या,हिंसा र निर्ममतापूर्वक आक्रमण भइरहेका छन्। पाप दिनानुदिन बढ्दै गइरहेको छ र दिनहुँ अवस्था खराब भन्दा खराब गतिमा परिवर्तन भइरहेको छ। जसको अर्थ यो भयो कि यदि मानिस कर्म अनुसार संसारमा जन्म लिन्छ भने मानिसको जनसंखया वास्तवमा पहिलेदेखि कम हुनुपर्‍यो। तर ऐतिहासिक प्रमाणबाट ज्ञात हुन्छ कि मानिस दिन प्रतिदिन बढ्दै गइरहेका छन्। अनि आवागमनको आस्था कसरी सत्य हुन सक्छ?

<u>तेस्रो आस्था:</u>अन्तिम आस्था ( इस्लामी आस्था ) यो छ कि एक दिन आकाश,पृथ्वी,ठुल-ठूला पर्वत,वन-जङ्गल,जीव-जन्तु र सम्पूर्ण मानिसहरु समाप्त हुनेछन्। पृथ्वीमाथि हामी जे पनि देखिरहेका छौं,ती सबै नष्ट हुनेछन्। फेरि अल्लाहले त्यसपछि सर्वप्रथम मानिस ''आदम''देखि अन्तिम दिन-कियामत-सम्म जन्म लिने प्राणीहरुलाई जीवित पार्नुहुन्छ। त्यो दिन हामी सबैका लागि हिसाबको दिन हुन्छ। जसमा अल्लाहले प्रत्येक प्राणी-चाहे त्यो मानवमध्ये होस् वा जिन्न आदि-लाई उनका क्रियाकलाप र कार्य-कर्तव्यको उचित तथा पर्याप्त प्रतिफल दिनुहुन्छ। कसै माथि वहाँको न्यायालयमा कण बराबर पनि अपराध हुनेछैन। बरु जसले कणको समतुल्य सद्कर्म र पुण्य गरेको होला-चाहे प्रत्यक्षमा होस् वा अप्रत्यक्षमा-ऊ त्यसलाई हेर्नेछ। त्यस्तै पापी तथा दुषकर्मी व्यक्तिहरु पनि आफ्ना कुकर्महरुलाई हेर्नेछन्।अन्त्यमा हिसाब सिद्धि सकेपछि अल्लाहले मानव र जिन्न प्राणीलाई कर्म अनुसार स्वर्ग वा नर्कमा पठाउनु हुन्छ। स्वर्गीय सद्कर्मीहरु धेरै प्रसन्न हुन्छन् र नर्कवासीहरु पश्चातापमा पर्नेछन्।जस्तै अल्लाह तआलाले ''पवित्र कुरआन''मा भन्नुभएको छ:''जसलाई उसको कर्मपत्र दाहिने हातमा दिइनेछ उसको हिसाब सरल किसिमबाट लिइनेछ र ऊ आफ्नो घर परिवार तर्फ खुशी खुशी फर्किने छ।''(अल्इन्शेकाक/७,८,९)

अल्लाह तआलाले कुरआनमा नै अर्को स्थानमा भन्नुभएको छ:''जसलाई उसको कर्मपत्र देब्रे हातमा दिइनेछ उसले भन्नेछ 'मेरो कर्मपत्र मलाई नदिएको भए हुन्थ्यो। यदि मेरो सांसारिक मृत्यु नै अन्तिम जीवन भइदिएको भए हुन्थ्यो। मेरो धन सम्पत्तिले मलाई केही लाभ पुर्‍याएन। मेरो जम्मै अधिकारहरु एवं शक्तिहरु समाप्त भए। ईश्वरबाट हुकुम हुनेछ यसलाई समातेर उसको घाँटीमा तोक लगाएर नर्कमा फ्याँकि देऊ। फेरि उसलाई सत्तरी हातको जंजीरमा जकडि देऊ। ऊ न एक अल्लाहमा विश्वास गर्दथ्यो,न दीन दु:खीहरुलाई भोजन गराउनका लागि प्रोत्साहित गर्थ्यो। आजको दिन यहाँ उसको लागि न त कोही घनिष्ट मित्र हुनेछ न त घाउको धोवन बाहेक कुनै भोजन। यो भोजन पापीहरु बाहेक अरु कसैले खाने छैन।'' (अल्हाक्का/२४,२५)

<u>प्रिय पाठक</u>: तपाईंको हृदयमा भरसक यो प्रश्न उत्पन्न हुन सक्छ कि जब हामी सबै संसारबाट मरेर समाप्त भइहाल्छौं भने अल्लाहले हामी सबैलाई जीवित कसरी पार्नुहुन्छ?

हामी सबैलाई थाहा छ कि मानिस संसारमा जुन काम गर्नमा प्रथम चोटि सफल भइहाल्छ भने अर्को चोटि त्यो काम गर्न त्यसको लागि धेरै सजिलो भइहाल्दछ। फेरि अल्लाह जसले हाम्रो रचना गर्नुभएको छ। के वहाँको लागि अर्को चोटि हामीलाई नै सृजना गर्नु असम्भव कुरा हो? जसले ठुल-ठूला पर्वत,बलियो पृथ्वी,अनुपम आकाश र सम्पूर्ण संसारलाई निर्माण गर्नुभएको छ। के अल्लाह पनि मानिस जस्तै असफल हुनुहुन्छ?जो आफ्नो प्रयासमा कहिले सफल र कहिले असफल हुन्छ? कदापि होइन,जसको जवाफ दिदै वहाँले आफै भन्नुभएको छ: 'हे मानिसहरु हो! यदि तिमीहरुलाई मरेपछिको जीवनमाथि शङ्का छ भने त तिमीहरुलाई थाहा हुनुपर्छ कि तिमीहरुलाई माटोबाट जीवित गरें,फेरि शुक्रकिटको थोपा र फेरि मासुको आकार भएको वा बिना आकार भएको डल्लो र फेरि तिमीहरुलाई यो बताई दियौं कि जुन शुक्रकिटको थोपालाई चाहन्छौं त्यसलाई एक खास समय सम्म गर्भाशयमा राख्छौं,फेरि तिमीहरु बृद्धा अवस्थामा पुग्छौ र कोही तिमीहरु भन्दा पहिले नै फिर्ता ल्याइन्छ र कोही बुढेसकाल सम्म पुर्‍याइन्छन् परन्तु सबै कुरा जानि सकेपछि केही नजानोस्। तिमीहरु हेर्दछौ कि पृथ्वी सुकेको हुन्छ,फेरि जहिले हामी त्यसमाथि वर्षा गर्छौं त्यही बेला भिजेर फुल्छ र सबै प्रकारका हरिया रुख विरुवाहरु उब्जिन थाल्छन्।''(*अल्हज: ५*)

للمساهمة معنا في مشروع طباعة الكتب
www.ipc-kw.com داخلي 212 2444117 - 2427383
Fahad Salem St. Al-Mulla Saleh Mosque P.O.Box:1613 Safat 13017
Tel.: 2444117 - Fax: 2400057 e-mail:ipb@ipc-kw.com




لجنة التعريف بالإسلام
ISLAM PRESENTATION COMMITTEE
جمعية النجاة الخيرية

वास्तवमा मरणोपरान्त कुनै अर्को जीवन हुने हो वा होइन?यस सम्बन्धमा संसारका प्रसिद्ध धर्महरुका अध्ययन गर्दाखेरि तीन किसिमका भिन्नाभिन्नै आस्थाहरु पाइन्छन्। जसमध्ये कुन सत्य र कुन अन्धविश्वासमा आधारित छ भन्ने कुराको विशेष जानकारी संक्षिप्त रुपमा गराउन चाहन्छु।

<u>प्रथम आस्था:</u> यस आस्था अनुसार सम्पूर्ण मानवका निम्ति यो नै प्रथम र अन्तिम जीवन हो र यस बाहेक अन्य कुनै जीवन छैन,बरु मानिस आफ्नो देहान्तपछि माटोमा परिणत हुन्छ,अनि त्यसपछि कहिले पनि जीवित हुँदैन। यो आस्था प्रापूर्व कालदेखि नै धेरै जसो समुदाय र अवआज्ञाकारी व्यक्तिहरुको रहेको छ। जस्तै अल्लाह तआलाले भन्नुभएको छ:"अवआज्ञाकारीहरुले भने यो सांसारिक जीवन नै हाम्रो जीवन हो। यसैमा जीउँछौं र मर्छौं। कालले नै हामीलाई समाप्त पार्छ। वास्तवमा उनीहरुलाई पुनर्जन्मको बारेमा केही पनि थाहा छैन।उनीहरु मात्र भ्रममा परेका छन्''। (अल्जासीया / २४)

आजको आधुनिक युगमा पनि धेरै जसो मानिसहरुको यो नै आस्था छ। उनीहरुको भनाइ छ कि "हीमीले त आजसम्म कसैलाई मरेपछि जीवित भएको देखेका छैनौं र यसै कारणले यो कुरा तर्कसंगत देखिंदैन।''

( आखिरत पृष्ठ:२५ )

यसको जवाफ दिदै आदरणीय सय्यद अबुल आला मौदूदीले भन्नुभएको छ: "मरेपछि तपाईंले कसैलाई जीवित देख्नुभएको छैन भने तपाईं बढी भन्दा बढी यति भन्न सक्नु हुन्छ: मरेपछि के हुन्छ त्यो कुरा जान्दिनँ।''तर यो भन्दा अघि बढेर तपाईं यो दाबी गर्नु हुन्छ:"मरेपछि केही हुँदैन भने हामी जान्दछौं। यस कुराको तपाईंसित के प्रमाण छ? मानिलिनुस् एक जना मान्छेले विमान देखेको छैन। उसले यो कुरा भन्न सक्छ"मैले विमान देखेको छैन वा विमान के चीज हो मलाई थाहा छैन।" तर उसले विमान भन्ने चीज छँदै छैन वा हुँदै हुँदैन भन्यो भने जान्ने मान्छेले उसलाई मूर्ख भन्छ। किनभने उसले केही चीज देखेको छैन भन्दैमा त्यस्तो चीज हुँदै हुँदैन भन्न कसैले सक्दैन। अनि उसले त्यसो भनेका कुराको केही अर्थ नै हुँदैन। एक जनाले मात्र किन बरु सारा संसारका मानिसले कुनै एउटा चीज नदेखेको भए पनि त्यो चीज छैन वा हुन सक्दैन भनी कसैले ठोकेर भन्न सक्दैन।'' (इस्लाम दर्शन पृष्ठ: १३२,१३३) साथै यो प्रश्न तपाईंले त्यो व्यक्तिसित सोध्न सक्नुहुन्छ जसले भन्छ कि मानिस र अन्य प्राणी यसै संसारमा फर्केर अर्को चोटि जन्मिन्छन्। तर जसले यसमाथि आस्था नै राख्दैन भने त्यो व्यक्तिसित सोध्नु उचित नै छैन।

<u>दोस्रो आस्था:</u> यस आस्था अनुसार मानिस आफ्नो कर्मको फल भोग्नका लागि मरणोपरान्त यस संसारमा बारम्बार जन्म लिन्छ। यदि त्यसको प्रथम कर्म राम्रो थियो भने त्यो अर्को चोटि उत्तम तथा सर्वोत्तम मानिसको रुप धारेर जन्मिन्छ तर त्यसको कर्म राम्रो थिएन भने त्यस्तै तल्लो खालको जीव-जन्तुको रुपमा आगामी जीवनमा आउँछ। यो आस्था प्राचीन कालदेखि नै धेरै धर्महरुमा परम्परागत प्रचलित देखिन्छ।

यस आस्थाको सम्बन्धमा केही प्रमुख कुराहरुको ज्ञान दिन चाहन्छु,अल्लाहको कृपाले जसको माध्यमबाट उपरोक्त आस्थाको वास्तविकता स्वयं प्रस्तुत भइहाल्छ।

<u>क</u>.यदि मानिस आफ्नो कर्म अनुसार संसारमा अनेकौं चोटि जन्म लिन्छ भने सर्वप्रथम यो प्रश्न उठ्दछ कि त्यो पहिलो चोटि जुन बेला संसारमा आयो त्यो कुन कर्मको आधारमा थियो? मानिस र अन्य प्राणीको जन्म नै थिएन फेरि कर्मको व्यर्थ कुरा कहाँबाट आउँछ? तसर्थ यो एउटा यस्तो आश्चर्यजनक प्रश्न हो। जसको सही उत्तर आवागमनमाथि विश्वास राखेर कसरी दिन सकिन्छ?किनभने प्रत्येक वस्तु,जीव-जन्तु, पशु-पन्छी तथा सम्पूर्ण प्राणीलाई कुन कुकर्म वा सुकर्म बमोजिम सर्वप्रथम जीवन प्राप्त भएको थियो? आवागमनमाथि विश्वास राखेपछि प्रत्येक जीवित प्राणीको बारेमा यो नै प्रश्न हाम्रो मस्तिष्कमा उत्पन्न हुने गर्दछ।

<u>ख</u>.दोस्रो आस्था अनुसार मानिस वा अन्य प्राणीलाई थाहा हुनुपर्‍यो कि को सद्कर्मको राम्रो प्रतिफल पाइरहेको छ र को दुष्कर्मको दण्ड-सजाय भोगिरहेको छ?बरु आवागमनमाथि विश्वास राख्ने मानिसहरुमध्ये कसैले पनि आफ्नो आस्था अनुसार पूर्ण विश्वासले यति पनि बताउन सक्दैन कि ऊ यस भन्दा पहिलो जीवनमा संसारको कुन देश,कुन शहर,कुन गाउँ,कुन घर एवं समुदायमा जन्मेको थियो? त्यसको बुबा र आमाको नाम के थियो? कुन प्रकारको दुष्कर्म गरेको थियो जसको दण्ड-सजाय भोगिरहेको छ? वा पुरस्कार पाउनेलाई पनि थाहा हुँदैन कि त्यसलाई के को आनन्दायक प्रतिफल भेटिरहेको छ?फेरि यस्तो अवस्थालाई हामी कसरी बदलाको अवस्था भन्न सक्छौं?यदि कसैले ती कुराहरुमध्ये केही भन्छ भने के बुद्धिमान मानिसहरुले यस्ता कुराहरु प्रति कहिले पनि विश्वास गर्न सक्छन्?आ-आफ्ना हृदयलाई सोधेर हेर्नुहोस्। अवश्य नै यसको सही जवाफ थाहा भइहाल्छ।

<u>ग</u>.सांसारिक दुर्घटना,हत्या,हिंसा,अपराध तथा प्रत्येक दुष्कर्मका जस्ताका त्यस्तै प्रतिफल के यस विश्वमा दिन सकिन्छ?यस्तै हरेक सद्कर्म,परोपकार,सहानुभूति र अन्य राम्रो स्वभावका पूरा पूरा बदला के यस सृष्टिमा दिन सम्भव पनि छ? उदाहरणका लागि एउटा यस्तो व्यक्तिलाई सामु राखेर विचार गर्नुहोस् जसले धेरै जनाको हत्या गरेको छ। कतिपय सदाचारी व्यक्तिहरुलाई निर्ममतापूर्वक हत्या गरेर उनका स-साना बाल बालिकाहरुलाई अनाथ बनाई दिएको छ। कतिपय निर्दोष केटीहरुको प्रतिष्ठा माटोमा मिसाएको छ र जथाभाबी रुपले धेरै मानिसलाई दिनहुँ सताएको छ। के यसको दण्ड-सजाय यो नै हो कि त्यो बारम्बार विश्वमा कुकर,बिरालो आदिको रुपमा जन्मेर अझै कुकर्म गरेर मृत्युको घाँटीमा गइहालोस्?

फेरि एउटा यस्तो व्यक्तिलाई सामु राखेर विचार गर्नुहोस् जसले संसारमा बाँचुञ्जेल राम्रा राम्रा कर्म गरेको छ। कसैमाथि अपराध गरेको छैन। झूठ् बोल्ने,जुवा खेल्ने, हत्याराहरुको सहायता गर्ने र केटीहरुलाई जिस्काउने त्यसको बानी थिएन। अर्को शब्दमा प्रत्येक कुलतबाट आफूलाई सुरक्षित राखेको छ। ईश्वरको प्रार्थना र वहाँको आदेशको अनुसरण गर्दै आफ्नो जीवन व्यतीत गरेको छ। के अब यस्तो भलादमीलाई ऊ लाई स्वयं थाहा नभएको प्राणीको रुपमा अर्को चोटि संसारमा पठाइदिनु नै त्यसको प्रतिफल हो?

<u>घ</u>. कर्मको फल भोग्नको लागि वेदमा पाइने निकै प्रसिद्ध शब्द"पुनर्जीवन''लाई आवागमनको अर्थमा लिनु पनि एक प्रकारको ठूलो गल्ती हो। किनभने संस्कृत भाषामा पुन:को अर्थ हुन्छ अर्को चोटि। जसको तात्पर्य यो हो कि यस जीवन बाहेक एउटा अर्को पनि जीवन छ। तर दोस्रो बाहेक तेस्रो,चौथो...चोटि मानिस जीवित भइरहन्छ,हुन सक्दैन। जसको विरुद्धमा वैदिक धर्मका ज्ञान राख्ने ठुल-ठूला मानिसहरु पनि छन्। जुनमध्ये केही विद्वानहरुको कथन निम्नलिखित वाक्यमा उल्लेख गर्दछु।

डा०.फरीद चौहानले आफ्नो पुस्तक "पुनर्जन्म र वेद पृष्ठ:९३''मा लेख्नुभएको छ:"वेदहरुमा पुनर्जन्म अवश्य पाइन्छ तर तिनमा यस जन्मपछि मात्र एउटा अर्को जन्मको विवरण छ हजारौं जन्मको होइन।"

श्री सत्यप्रकाश विद्यालंकारले लेख्नुभएको छ: "वेदमा